"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
### नगर कार्यपालिकाको कार्यालय
### Office of the Municipal Executive

ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No):
चलानी नं. (Reg. No):

मितिः२०७८/८/६

**कृषि बिकास शाखाबाट आ.ब.२०७८/०७९ को दोस्रो चौमासिक कार्यक्रम संचालन सम्बन्धी सूचना ।**

महालक्ष्मी नगरपालिका कृषि बिकास शाखाको आ.ब.२०७८/०७९ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार दोस्रो चौमासिक अबधीमा तपशिल अनुसारका कार्यक्रमहरु पकेट प्याकेजको अबधारणा अनुसार यस नगरपालिका भित्र संचालन गर्नको लागि तपशिल अनुसारका कागजात सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (२०७८/८/२१ गते) महालक्ष्मी नगरपालिका कृषि बिकास शाखा वा कृषि सेवा केन्द्र लामाटारमा निबेदन दिनु हुन सम्पुर्ण कृषक, कृषक समूह/सहकारी तथा निजी फार्महरुको लागि यो सूचना प्रकाशन गरीएको छ। साथै म्याद नाघेका तथा रित पुर्बक पर्न नआए निबेदन उपर कुनै कारबाही नहुने ब्यहोरा समेत अनुरोध छ ।

*संचालन हुने स्थान र कार्यक्रमहरुः*

१. कौशी तरकारी खेतीका लागि औजार उपकरण ५०% मूल्य अनुदानमा बितरण (ग्रो ब्याग, कोकोपिट, स्टेन, भर्मिक कम्पोष्ट हजारी आदी) (वडा न.१-५ सम्म)
२. तरकारी हाईब्रिड वीउ तथा तरकारी सिडकिट ५०% मूल्य अनुदानमा बितरण (काउली, बन्दा र गोलभेडा) (वडा न.६-१० सम्म)
३. मिनिटिलर ५०% मूल्य अनुदानमा बितरण (७ हर्ष पावरको चाईनिज पेट्रोल ईन्जिन)
४. तरकारीको बजारीकरणको लागि डिजिटल तराजु ५०% मूल्य अनुदानमा बितरण (१५० के.जी. क्षमताको ईन्डियन) (वडा न.६-१० सम्म)
५. च्याउ खेतीका लागि कालो सिल्पोलिन तथा च्याउको वीउ ५०% मूल्य अनुदानमा बितरण (१२० जि.यस.एम. ६*१२ मी. को कालो र च्याउको वीउ २०० ग्रामको प्याकेट) (वडा न.८ र ९ मात्र)
६. ५०% मूल्य अनुदानमा हिउदे फलफूलकका बिरुवा (आरु, आरु बखडा, दाते ओखर, जापनिज हलुवाबेद र जापनिज नास्पाती) (वडा न.६-१० सम्म)
७. ५०% मूल्य अनुदानमा आलुको वीउ बितरण (जनकदेव उन्नत जातको) (वडा न.६-१० सम्म)
८. बैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित कार्यक्रम संचालन (प्रबिधी हस्तान्तरण, बजारीकरण तथा वीउ पुजी) (वडा न.६-१० सम्म)
९. च्याउ खेतीका लागि पराल बफाउने आधुनिक स्टिमर ७५% मूल्य अनुदानमा बितरण (४ वटा ड्रम सहितको ठुलो साईजको) (वडा न.८ र ९ मात्र)
१०. साना सिंचाई बिषेश कार्यक्रम संचालन ८५% मूल्य अनुदानमा (ईनार निर्माण तथा सिंचाई कूलो मर्मत संभार) (वडा न.६-१० सम्म)

*निबेदनका साथ पेश गर्नु पर्ने आबश्यक कागजातहरुः*

१ कार्यक्रम मागको निबेदन ।
२ नागरिकताको प्रतिलिपी ।
३ समूह सहकारी दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
४ समूह सहकारीको बैठकको निर्णय प्रतिलिपी ।
५ जग्गा धनी पुर्जा वा जग्गा भाडा सम्झौता पत्रको प्रतिलिपी ।
६ निजि फर्मको हकमा करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
७ सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र ।
८ बैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित नगर प्रमुख युवा उधमशिलता कार्यक्रमको हकमा बैदेशिक रोजगारीमा गएर फर्केको प्रमाण (पासपोर्टको प्रतिलिपी) र ब्यवसायिक योजना अनिबार्य पेश गर्नु पर्ने छ ।
९ बैदेशिक रोजगारी बाट फर्केका युवा लक्षित नगर प्रमुख युवा उधमशिलता कार्यक्रमको हकमा कम्तीमा ३ देखी ५ रोपनी क्षेत्रफलमा खेती गरेको प्रमाण पेश गर्नु पर्ने छ ।

*नोटः* कृषकले ब्यहोर्नु पर्ने रकम तथा थप जानकारीको लागि कृषि बिकास शाखामा सम्पर्क गर्नु हुन वा मोबाईल न. ९८४९३६८१०६/९८४२४२४७४७/९८४९१९१२६६/९८४३१९४५७६ मा सम्पर्क गर्नु हुन अनुरोध छ

२०७८।८।६

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

फोनः ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np